महाकुलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङ, सोलुखुम्बु

स्था: २०७३

१ नं.प्रदेश, नेपाल

प.सं.२०७८/०७९
च.नं.

## तेस्रो महाकुलुङ कृषि बाली प्रदर्शनी उत्सव हुने सम्बन्धी सूचना !!!

यहि मिति २०७८ साल पौष १६ गतेका दिन **"सफल व्यावसायिक अर्गानिक कृषि, पशुपालन र पुर्वधार, समृद्ध महाकुलुङ गाउँपालिकाको आधार"**भन्ने मुल नाराका साथ महाकुलुङ गाँउपालिका कृषि बिकास शाखा र पहाडी विकास तथा संरक्षण समूह नेपाल बुङको संयुक्त आयोजनामा **तेस्रो महाकुलुङ कृषि बाली प्रदर्शनी उत्सव** कार्यक्रम तपशिलका विविध कार्यक्रम सहित संचालन हुने भएकोले सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल :**

१. कृषि बाली प्रर्दशनी
२. अल्लो वाट उत्पादित वस्तुको प्रदर्शनी
३. हस्तकला प्रदर्शनी (काँठ, बाँस र चोया वाट निर्मित वस्तुहरु)
४. अन्तर कृषक समूह स्तरिय सिली/तोस नाच प्रतियोगिता
५. प्लाष्टिक वाट निर्मित सामग्री प्रदर्शनी
६. कृषि उत्पादन र बजारिकरणमा अधारित नाटक प्रदर्शनी

**कृषि बाली प्रर्दशनीका नियमहरु:-**

१. कृषि उपज दर्ता कार्य २०७८ पौष १६ गते बिहान ७ :०० बजे देखि सोही दिनको दिउसो ११:०० बजेसम्ममा दर्ता गरिसक्नु पर्नेछ।

२. कृषकले आफैले उत्पादन गरेका कृषि बालीहरु मात्र प्रदर्शनीमा ल्याउनु पर्नेछ । अन्यथा बाहिरबाट किनेर वा मागेर ल्याईएको ठहर भएमा वा उजुरी परेमा पुरस्कार फिर्ता गरिनेछ ।

३. प्रदर्शनीमा तरकारी बाली अन्तर्गत : काउली ,बन्दा ,ब्रोकाउली ,मुला ,गाँजर ,रायोसाग ,भाण्टा ,काँको ,भेडेखुर्सानी गोलभेडा , फर्सि,केराउ र आलु ।

**मसला बाली अन्तर्गत** : लसुन ,प्याज , धनिया ,अलैची ,अदुवा ,बेसार र खुर्सानी ।

**नगदे बाली अन्तर्गत** :उखु ,अम्रिसो ,भटमास, चाका सहितको मौरीको मह ।

**अन्न बाली अन्तर्गत** : मकै, कोदो र धान ।

**फलफूल बाली अन्तर्गत** : सुन्तला ,अम्बा ,कागती ,केरा, किवी र एभोकाँडो सहित जम्मा ३३ प्रकारका बालीहरुको मात्र दर्ता गरिनेछ।

४. तरकारी तथा मसला बालीको हकमा डाँठ,पात,जरा फल आदी भएकोलाई प्राथमिकता दिईनेछ ।

५. फलफूलबालीको हकमा हाँगा,पात सहितको हुनु पर्नेछ । (केराको हकमा भने घरि नै हुनु पर्नेछ )

६. भटमास अन्नबाली प्रदर्शनीमा ल्याउदा बोट सहितकोलाई प्राथमिकता दिईनेछ ।

७. मौरीको महको हकमा चाका सहितको मह हुनु पर्नेछ ।

८. एक कृषकले बढीमा ५ प्रकारका बालीहरु मात्र दर्ता गर्न पाउने छन् ।

९. कृषक स्वयम् आफैले आफ्नो बालीको दर्ता गर्नुपर्नेछ ।

१०. प्रथम,द्धितींय,तृतीय स्थान ल्याउन सफल बालीहरु सम्बन्धित कृषकले लान पाउने छैनन् ।

११. कार्यक्रममा कुनै बिवाद आएमा निर्णायक मण्डलको निर्णय नै अन्तिम हुनेछ ।

Email: mahakulung.rum@gmail.com
Web: mahakulungmun.gov.np

प.सं.२०७८/०७९
च.नं.

**अल्लो वाट उत्पादित वस्तुको प्रदर्शनी कार्यक्रमका नियमहरु :**

१. हस्तकलाको सामानहरु स्वयम् आफैले बनाएको हुनु पर्ने अन्यथा बाहिरबाट किनेर वा मागेर ल्याईएको ठहर भएमा वा उजुरी परेमा पुरस्कार फिर्ता गरिनेछ ॥

२. महाकुलुङ गाँउपालिका भित्रका वासिन्दाहरुले मात्र भाग लिन पाउने छन् ।

३. २०७८ साल पौष १६ गते बिहान ९.०० बजे सम्ममा दर्ता गरी सक्नु पर्नेछ ।

४. कार्यक्रममा कुनै बिवाद आएमा निर्णायक मण्डलको निर्णय नै अन्तिम हुनेछ ।

**हस्तकला प्रदर्शनी (काँठ, बाँस र चोया वाट निर्मित वस्तुहरु) कार्यक्रमका नियमहरु :**

१. हस्तकलाको सामानहरु आफैले बनाएको हुनु पर्ने अन्यथा बाहिरबाट किनेर वा मागेर ल्याईएको ठहर भएमा वा उजुरी परेमा पुरस्कार फिर्ता गरिनेछ ।।

२. २०७८ साल पौष १६ गते बिहान ९.०० बजे सम्ममा दर्ता गरी सक्नु पर्नेछ ।

३. कार्यक्रममा कुनै बिवाद आएमा निर्णायक मण्डलको निर्णय नै अन्तिम हुनेछ ।

**अन्तर बिद्यालय स्तरिय नाटक कार्यक्रमका नियमहरु :**

१. महाकुलुङ गाँउपालिका भित्रका विद्यालयहरु बाट कक्षा ६ देखि ८ सम्मका बिद्यार्थीहरुले मात्र भाग लिन पाउनेछन् ।

२. २०७८ साल पौष १६ गते बिहान १०.०० बजे सम्ममा दार्त गरी सक्नु पर्नेछ ।

३. नाटक कृषि बजारिकरण तथा उत्पादन सम्बधी हुनुपर्ने छ ।

४. नाटक प्रर्दशनी गर्दा प्रतियोगी हरुले बिषयवस्तु सँग सम्बन्धित मेल खाने सामग्रीहरुको प्रयोग गर्न पाउने छन् ।

५. कार्यक्रममा एउटा बिद्यालयबाट कम्तीमा ५ जना भन्दा माथि हुनुपर्नेछ ।

६. नाटकको समय अवधि बढीमा १० मिनेटको हुनुपर्ने छ ।

७. कार्यक्रममा कुनै बिवाद आएमा निर्णायक मण्डलको निर्णय नै अन्तिम हुनेछ ।

**कृषक समूह स्तरिय सिली/तोस नाच प्रतियोगिता :-**

१. सहभागी प्रत्येक कृषक समूहबाट ४ देखि ६ जना हुनु पर्नेछ जसमा महिला कम्तीमा २ जना अनिवार्य हुनु पर्नेछ ।

२. सिली/तोस नाच संग सम्बन्धित स्थानीय संस्कृती झल्किने जुनसुकै गितमा पनि प्रस्तुत गर्न सकिनेछ ।

३. सिली/तोस नाच संग सम्बन्धित संस्कृती झल्किने पहिरन हुनुपर्ने ।

४. समय बढीमा ५ मिनेटको हुनेछ ।

५. सहभागी अनिवार्य कृषक समूहको हुनु पर्नेछ ।(बिद्यार्थीहरुलाई सहभागी गराउन पाइने छैन ।)

७. महाकुलुङ गाँउपालिका भित्रका कृषक समुहले मात्र भाग लिन पाउने छन्।

८. कार्यक्रममा कुनै बिवाद आएमा निर्णायक मण्डलको निर्णय नै अन्तिम हुनेछ।

**प्लाष्टिक जन्य सामग्री प्रदर्शनी**

१.खेर जाने प्लाष्टिकबाट बनेका सामग्रीहरु प्रयोगमा आउने खालका हुनुपर्नेछ।

२. महाकुलुङ गाँउपालिका भित्रका समूदायहरुले बनाएका सामग्रीहरुलाई मात्र मान्यता दिईनेछ अन्यथा बाहिरबाट किनेर वा मागेर ल्याईएको ठहर भएमा वा उजुरी परेमा पुरस्कार फिर्ता गरिनेछ।

३. कार्यक्रममा कुनै बिवाद आएमा निर्णायक मण्डलको निर्णय नै अन्तिम हुनेछ।

**पुरस्कारहरु :**

१. **कृषि बाली प्रर्दशनी तर्फ :** प्रथम,द्धितिय र तृतिय हुने बालीलाई क्रमशः रु. २०००।-, १५०० ।- र १००० ।- बराबरको कृषि सामग्रीहरु साथमा प्रमाण पत्र।

१. **अल्लो वाट उत्पादित वस्तुको प्रदर्शनी तर्फ** :प्रथम,द्धितिय,तृतिय र सान्तवना लाई क्रमशः रु ५०००,३००० ,२००० र १००० साथमा प्रमाण पत्र।

२. **हस्तकला प्रदर्शनी (काँठ, बाँस र चोया वाट निर्मित वस्तुहरु) तर्फ :** प्रथम,द्धितिय,तृतिय र सान्तवना लाई क्रमशः नगद रु. ६०००।-,४०००।-,३०००।- र १००० ।- साथमा प्रमाण पत्र।

३. **अन्तर कृषक समूह स्तरिय सिली/तोस नाच प्रतियोगिता तर्फ :** प्रथम,द्धितिय, तृतिय र सान्तवना हुने समूहलाई क्रमशः नगद रु. १२,०००।-, ९,०००।-, ७,०००।- र ४,०००।- को साथमा प्रमाण पत्र।

४. **प्लाष्टि वाट निर्मित सामग्री प्रदर्शनी तर्फः** प्रथम,द्धितिय र तृतिय हुने समूहलाई क्रमशः नगद रु.३,०००।-,२,०००।- र १,०००।- को साथमा प्रमाण पत्र।

कार्यक्रम हुने स्थान : श्री छेस्काम मा.वि. को प्राङ्गण, महाकुलुङ गाउँपालिका वडा नं. ३ छेस्काम,सोलुखुम्बु।

कार्यक्रम हुने समय : बिहान १०:०० बजेदेखि।

**थप जानकारीको लागि सम्पर्क नं. सुनिल श्रेष्ठ ९८४४६६११९९, पवित्रा नाछिरीङ ९८४२५३५२४७, पर्खि नाछिरिङ ९८६२८५७४०१ ,ईश्वर कुमार बस्नेत ९८६२८०९५८६।**

विष्णु स्र्जन वराल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत